का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ फागुन २०८०,
शनिबार
17 February 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# निषेधाज्ञाको प्रतिवाद

राज्यका तीन वटै अंगको केन्द्रीय कार्यालय नजिकै रहेको माइतीघर मण्डल पुगेर नागरिकलाई आफ्नो कुरा राख्ने अधिकार संविधानले सुनिश्चित गरेको छ । तर गएको ५ मंसिरदेखि सरकारले माइतीघरसहित राजधानीका महत्वपूर्ण क्षेत्रमा लगाएको निषेधित क्षेत्रको अवधि थप दुई महिना लम्बाइएको छ । जसको प्रतिवाद बिस्तारै बढेको छ ।



फाइल तस्विर : माइतीघर मण्डला ।



माइतीघर मण्डलदेखि बानेश्वर चोकसम्म, शीतल निवास, उपराष्ट्रपतिको हरित गृह, प्रधानमन्त्री निवास, संसद भवन नयाँ बानेश्वर र सिंहदरबार आसपासका क्षेत्रमा निषेधाज्ञालाई थप दुई महिना निरन्तरता दिने तय भएअनुसार सूचना जारी भएको छ ।

**हरिप्रसाद शर्मा**
**सहायक प्रमुख जिल्ला अधिकारी**
**काठमाडौं**

**शिव विक / मध्यान्ह**
काठमाडौं, ४ फागुन ।

आरती साहको न्यायका लागि आन्दोलनमा रहेका आरतीका दाइ प्रेम साह, धर्ना बसिरहेका गोरखाका तेल घले लगायतले माइतीघरमा टाँगिएको 'निषेधित क्षेत्र' लेखिएको ब्यानर जलाएका छन् । 'निषेधाज्ञा खारेज गर' भन्दै नारा लगाउने समूहले शुक्रबार निषेधित क्षेत्र लेखिएको ब्यानर जलाएका हुन् ।

यसअघि सरकारले माइतीघरलाई निषेधित क्षेत्र घोषणा गरेर माइतीघरमा धर्नामा रहेकाहरूलाई शान्तिबाटिकामा धर्ना बस्न भनिएको थियो । त्यहाँ पनि धर्ना बस्न नपाएका उनीहरू शान्तिबाटिका बाहिर बसिरहेका थिए । उनीहरुलाई शुक्रबार बिहान महानगर प्रहरीले भृकुटीमण्डप लगेको थियो । यही असन्तुष्टिको क्रममा माइतीघरमा रहेको 'निषेधित क्षेत्र'को ब्यानर जलाइएको हो ।

काठमाडौंको सिंहदरवार नजिकै रहेको माइतीघर मण्डला आवाज विहीनहरुको आवाजबुलन्द गर्ने थलो हो । माइतीघरबाट नजिकै रामसाह पथमा सर्वोच्च अदालत छ । सिंहदरवारमा कार्यपालिका छ भने नयाँ वानेश्वरमा व्यवस्थापिका संसद छ । राज्यको तीन वटै अंगको कार्यालय नजिकै रहेको माइतीघर मण्डलामा गएर आफ्नो कुरा राख्दा सुन्नुपर्नेले सुन्छ भन्ने विश्वास छ । सुनिएका अनेक उदाहरण छन् । यसकारण पनि माइतीघर मण्डला आवाज विहीनहरुको आवाजबुलन्द गर्ने थलो हो ।

घर झगडादेखि राष्ट्रको सीमा मिचिएकोसम्म मुद्दामा राज्यको ध्यानाकर्षण गराउन माइतीघरमा मासिनहरु पुग्छन् । माइतीघर यति व्यस्त हुन्छ कि २४सैं घण्टा फुर्सद पाउँदैन ।

माइतीघरमा भान्साघर, सुत्ने ओछ्यानदेखि अस्थायी शौचालयको निर्माण समेत गरिएको छ । पानी पर्दा ओत लाग्नको लागि पनि व्यवस्था छ । केही समय अगाडि सहकारी पीडितहरुले महिनौंदेखि त्यही धर्ना कसेका थिए ।

मिटरब्याज पीडितहरुले माइतीघरसम्म मार्च पास गरेपछि सरकारले वार्ता गरेर उनीहरुको माग सम्बोधनका लागि कानुन बनायो । छानबिन आयोग बनाएर अध्ययन गरायो । विद्यालय शिक्षा विधेयकमा आफ्नो कुरा सरकारलाई सुनाउन शिक्षकहरुले माइतीघर नै रोजे ।

तर पछिल्लो समय सरकारले सुरक्षाको कारण देखाउँदै सिंहदरबार वरिपरिको ठूलो क्षेत्र निषेधित क्षेत्र घोषणा गरेको छ । जसमा माइतीघर पनि परेको छ । माइतीघरलाई पृष्ठ २ मा

# गगन–विश्वबीच देखिएको फरक

कांग्रेसभित्र महामन्त्रीद्वय थापा र शर्मासहितको नयाँ गुटको सम्भावनाको खोजी भइरहेका बेला यी दुई नेताबीच चुनावी गठबन्धन संस्कृतिलाई हेर्ने दृष्टिकोणमा मतभेद देखा परेको हो ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ४ फागुन ।

राजनीतिक दलहरुका बीचमा हुने गठबन्धन संस्कृतिमा नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माबीच मतभेद देखा परेको छ। कांग्रेसभित्र पुस्तान्तरणको बहस चलिरहेको छ । जसमा गगन थापा र विश्वप्रकाश शर्मा सहितको नयाँ गुटको विकासको सम्भावनाको खोजी समेत अगाडि बढिरहेका बेला यी दुई नेताबीच राजनीतिक दलहरुका बीचमा हुने गठबन्धनको समय, आवश्यकता र औचित्यका सम्बन्धमा फरक दृष्टिकोण देखा परेको हो ।

कांग्रेसको केन्द्रीय समिति बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीति प्रस्ताव, महामन्त्री गगन थापाले सांगठानिक प्रतिवेदन र अर्का महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक प्रतिवेदन पेश गरेका छन् । केन्द्रीय समिति बैठकमा प्रस्तुत तीनवटै प्रतिवेदन महासमिति बैठकमा पेश हुनेछ । कांग्रेसको महासमिति बैठक फागुन ७ देखि १० सम्म ललितपुरको गोदावरीमा हुँदैछ । महासमिति बैठकले पारित गर्ने प्रतिवेदनले





कांग्रेसको आधिकारिक धारणा तय गर्नेछ ।

प्रतिवेदनमा महामन्त्री थापा गठबन्धनप्रति कठोर देखिएका छन् । कार्यकर्ताहरुको मनोभावअनुसार पार्टीले एक्लै चुनाव लड्नुपर्ने पक्षमा उनी छन् । त्यसैले पृष्ठ २ मा

## हिन्दु राष्ट्रको पक्षमा पूरक प्रस्ताव

कांग्रेसका नेताहरुले केन्द्रीय समिति बैठकमा पूरक प्रस्ताव पेस गरेका छन् । केन्द्रीय सदस्य र प्रदेश सभापति गरी २२ जना नेताले कांग्रेस धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन हिन्दुधर्मको पक्षमा उभिन विशेष पूरक प्रस्ताव पेस गरेका हुन् । केन्द्रीय सदस्य शंकर भण्डारीले सनातन हिन्दुराष्ट्रको पक्षमा उभिन भन्दै पाटी सभापति शेरबहादुर देउवालाई २२ जनाको हस्ताक्षरसहितको पत्र बुझाएका हुन्

हस्ताक्षर गर्नेमा केन्द्रीय सदस्य भण्डारी, दिलेन्द्र बड्, पुष्पा भुसाल, देवेन्द्रराज कँडेल, प्रकाश रसाइली स्नेही, रंगमति शाही, विद्या तिमल्सिना, गेहेन्द्र गिरी, सीता देवकोटा, अर्जुनजंगबहादुर सिंह, सीताकुमारी, सारदा पौडेल, चम्पादेवी खड्का, नागिना यादव छन् । यस्तै केन्द्रीय सदस्य नृपबहादुर बड, सञ्जय गौतम, भीम पराजुली, दिनेश पृष्ठ २ मा

# ८ वर्षपछि प्रहरी समायोजन शुरु

**आरके डिसी / मध्यान्ह**
काठमाडौं, ४ फागुन ।

प्रहरी कर्मचारी समायोजन समिति गठन भएको छ । यो संगै संविधान जारी भएको ८ वर्षपछि प्रहरी समायोजन प्रक्रिया अघि बढेको छ । हालै गृह मन्त्रालयले सहसचिवको संयोजकत्वमा पाँच सदस्यीय प्रहरी कर्मचारी समायोजन समिति गठन भएको हो ।

समितिमा गृह मन्त्रालयका नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाका सहसचिव सह-संयोजक, प्रहरी प्रधान कार्यालयका प्रहरी नायव महानिरीक्षक र मन्त्रालयका उपसचिव सदस्य तथा मन्त्रालयका प्रहरी कर्मचारी प्रशासन शाखाका उपसचिव सदस्य सचिव रहेका छन् ।

गृहमन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणरप्रसाद भट्टराईले शुक्रबार विज्ञप्ति निकालेर प्रहरी कर्मचारी समायोजनसम्बन्धी काम शुरु भएको जानकारी दिएका छन् । '...पाँच सदस्यीय प्रहरी कर्मचारी समायोजन समिति गठन भई प्रहरी कर्मचारी समायोजन सम्बन्धी कार्य थालनी भइसकेको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ' विज्ञप्ति उल्लेख छ ।

> संविधान र प्रहरी समायोजन ऐन, २०७६ बमोजिम प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरी सेवामा समायोजन गरी संघीयता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन निरन्तररुपमा कार्य गरिरहेको पनि गृह मन्त्रालयले जनाएको छ ।

नेपालको संविधान तथा प्रहरी समायोजन ऐन, २०७६ बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरी सेवामा समायोजन गरी संघीयता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन निरन्तर रुपमा कार्य गरिरहेको पनि गृह मन्त्रालयले जनाएको छ ।

समायोजनका लागि गृहसचिव नेतृत्वमा अर्को समितिको परिकल्पना छ । उक्त समितिमा प्रहरी महानिरीक्षक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन मन्त्रालय र अर्थमन्त्रालयका सहसचिव, सम्बन्धित प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव सदस्य तथा गृहमन्त्रालयको प्रशासन महाशाखाका सहसचिव सदस्य सचिव रहन्छन् । समितिलाई आवश्यकतानुसार उपसमिति गठन गर्ने अधिकार छ ।

समायोजनका निम्ति प्रहरी नायब उपरीक्षक र सो भन्दामुनिको पदका लागि आवेदन माग गरिने छ । यसरी समायोजनमा जाने प्रहरी कर्मचारीलाई खाइपाइ आएको तलब वृद्धि (ग्रेड) मा दुई तलब वृद्धि (ग्रेड) थप गरी समायोजन पृष्ठ २ मा

# मन्त्रीको उपस्थिति मुख्य जिम्मेवार !

मन्त्री ज्वालाको घटनास्थलमा भएको उपस्थितिलाई एक मुख्य जिम्मेवार ठहराएको बताइन्छ । घटनास्थल पुगेका मन्त्री ज्वालालाई निकालेर प्रदर्शनकारीले गाडी नै जलाइदिएका थिए ।

**बालकुमारी घटना**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ४ फागुन ।

ललितपुरको बालकुमारीमा प्रहरीको गोलीले २ जनाको मृत्यु भएको घटनाबारे जाँचबुझ गर्न सरकारले गठन गरेको आयोगले उपप्रधानमन्त्री एवम गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रतिवेदन बुझाएको छ ।

उक्त प्रतिवेदनले भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालाको घटनास्थलमा भएको उपस्थितिलाई एक मुख्य जिम्मेवार ठहराएको बताइन्छ । घटना भएको दिन मन्त्री ज्वाला घटनास्थल पुगेका



थिए । उनलाई निकालेर प्रदर्शनकारीले सरकारी गाडी नै जलाइदिएका थिए ।

पुस १३ गते ललितपुरको बालकुमारीस्थित ईपीएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा चौरपाटी, अछामका वीरेन्द्र शाह र महाबु, दैलेखका सुजन रावतको मृत्यु भएको थियो ।


उक्त घटनाको जाँचबुझ गरी एक महिनाभित्र राय, सुझाव र सिफारिस सहितको प्रतिवेदन पेस गर्नेगरी नेपाल सरकार (मन्त्रिपरिषद्)ले पुस १६ मा जाँचबुझ आयोग बनाएको थियो ।

उच्च अदालतका पूर्वन्यायाधीश शेखरप्रसाद पौडेल अध्यक्ष तथा पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक अरुणकुमार बीसी र गृह मन्त्रालयका प्रवक्ता एवम् सहसचिव नारायणप्रसाद भटाराई सदस्य रहेको आयोगले पुस २० देखि काम शुरु गरेर १५ दिन समय थप गरी ४४ पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार बोर्डको 'सफ्टवेयर'मा अझै समस्या

**काठमाडौं / रासस–** वैदेशिक रोजगार बोर्डको 'सफ्टवेयर' अझै सञ्चालन हुन सकेको छैन । बोर्डको सचिवालयबाट वैदेशिक रोजगारीमा गइ मृत्यु भएका तथा अङ्गभङ्ग भएका कामदार र परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरणमा प्रयोग हुने सफ्टवेयरमा केही दिनयतादेखि समस्या आएको थियो । उक्त सफ्टवेयरमा समस्या आएपछि काममा समस्या उत्पन्न भएको वैदेशिक रोजगार बोर्डका प्रवक्ता तथा सूचना अधिकारी टीकाराम




ढकालले जानकारी दिए । उनले भने, 'सम्पूर्ण डाटा र डकुमेन्टसहित अपलोड गरिएका कागजातले गर्दा मेमोरी भरिएर सफ्टवेयरमा समस्या आएको हो, समस्या समाधानका लागि प्राविधिकले प्रयास गरिरहेका छन्, १५ वर्षदेखिको डाटा र डकुमेन्ट भएकाले मेमोरी भरिएको हो ।'

वैदेशिक रोजगारीमा गइ मृत्यु भएका तथा अङ्गभङ्ग भएका कामदार र परिवारका 'अफलाइन'मा निवेदन लिएको भए पनि भुक्तानी सफ्टवेयरबाट हुने भएकाले दिन नसकिएको प्रवक्ता ढकालले बताए । उनका अनुसार सफ्टवेयरले काम नगरे पनि उद्धारसहितका आकस्मिकलगायत काम अफलाइनमार्फत पत्र पठाएर सञ्चालन भइरहेको छ । बोर्ड सचिवालयको सफ्टवेयरको सर्भरमा केही दिनदेखि समस्या आएको र सफ्टवेयर सञ्चालन हुन अझै केही दिन लाग्ने बोर्डले जनाएको छ ।

**यूएईमा रोजगार** | कम्पनी: ARABIAN GULF FACILITY MANAGEMENT L.L.C | शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०४/१० | चलानी नं.: ६०२०५१८९ | L.T. No.:289580 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: EMPOWER EMPLOYMENT SERVICES | शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०३/१३ | चलानी नं.: ६०२०३९६९ | L.T. No.:288675 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Building Laborer | 38 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Assistant | 20 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 3. | Reinforcing Fitter Assistant | 20 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 4. | Stone Mason | 7 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ९, १० र ११ गते (21, 22 & 23 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Cleaner पदको लागि उमेर ३२ सम्म र Cleaning & AC Technician काम गर्नुपर्ने भएकोले सो सम्बन्धी कामको अनुभव भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

BRIDGE SKY
श्रम इजाजत नं. ५७३/०६२/०६३

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

५ फागुन २०८०, शनिबार
17 February 2024, Saturday

# गेरुवा गाउँपालिकाको 'छोरी बचाउ' कार्यक्रम प्रभावकारी बन्दै

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ४ फागुन



बर्दियाको गेरुवा गाउँपालिकाले सञ्चालनमा ल्याएको 'छोरी बचाउ' कार्यक्रम प्रभावकारी बन्दै गएको छ । आर्थिक वर्ष २०७४/०७५ देखि सञ्चालनमा ल्याईएको यस कार्यक्रममा पत्येक वर्ष समावेश हुनेहरुको संख्या उल्लेख्य भएकाले कार्यकम प्रभावकारी देखिएको हो ।

गाउँपालिकाले स्थापनाकाल देखि नै बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिता अन्तर्गतका बालअधिकारका विषयहहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने क्रममा 'छोरी बचाउ' कार्यक्रम लागु गरेको थियो ।

बालविवाह, बहुविवाह र महिला हिंसाका घटनाहरुलाई न्यूनीकरण गर्न तथा छोराछोरीमा विभेद गर्ने प्रवृतिको अन्त्य गर्न, व्यक्तिगत घटना दर्ता समयमै गर्न स्वास्थ्य संस्थामा हुने प्रसूतीको मख्या वृद्धि गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउने साथै लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गरिने भ्रुण हत्या बन्द गर्न कार्यकम लागु गरिएको गाउँपालिकाका अध्यक्ष जमानसिंह के.सी.ले बताए ।

उनले विशेषगरी छोरीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ छोरी बचाउ कार्यक्रम कार्यविधि नै बनाएर शुरु गरिएको र यसको प्रभाव सकारात्मक रहेको बताए । अध्यक्ष के.सी.ले भने ,'कार्यकमले छोरीलाई बोझ ठान्नेहरुको मानसिकतामा परिवर्तन ल्याएको छ र छोरीलाई समयानुसार दक्ष एवं शिक्षित बनाउँदै लैजानुपर्ने धारणाको विकास भएको भएको छ ।'

विवाह दर्ता, बाबुआमाको नागरिकता, छोरीको खोप कार्ड, छोरीको जन्मदर्ता समेत पुष्टि गर्ने कागजात संकलन गरिने भएको हुनाले व्यक्तिगत घटना दर्ता समयमा हुने गरेको अध्यक्ष के.सी.को भनाइ छ ।

छोरी बचाउ कार्यक्रममा समावेश हुनका लागि आमाबाबुको विवाह दर्ता, नागरिकता प्रमाण पत्र, जन्मदर्ता, खोप कार्ड, जन्मिएका छोरीहरुको बैंक खाता नं. र सम्बन्धित वडा कार्यालयको सिफारिश सहित निवेदन दिनुपर्ने हुन्छ ।

पेश भएमा कार्यविधि अनुसार एक पटकका लागि गाउँपालिकाले छोरीहरुकै नाममा रहेको बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था रहेको सहायक महिला विकास निरीक्षक रमा पुनमगरले जानकारी दिइन् ।

उनका अनुसार आर्थिक बर्ष २०७४/०७५ देखि २०७८/०७९ सम्म प्रोत्साहन रकम दुई हजार रुपैयाँ दिँदै आएकोमा आर्थिक वर्ष २०७९/०८० देखि वृद्धि गरेर पाँच हजार पुऱ्याइएको छ ।

गाउँपालिकाका ६ वटा वडाका ५ सय २२ जना छोरीहरु हालसम्म यस कार्यक्रममा समावेश भएको महिला विकास निरीक्षक पुनले बताइन् ।

आर्थिक वर्ष २०७४/७५ मा ७४ जना, २०७५/७६ मा ८९ जना, २०७६/७७ मा ४१जना, २०७७/७८ मा ५७ जना, २०७८/७९ मा ४२ जना, २०७९/८० मा ११८ जना २०८०/०८१ को हालसम्म १ सय १ जना छोरी गरी ५२२ जना छोरीहरु यो कार्यक्रमबाट लाभान्वित भएको गेरुवा गाउँपालिकाले जनाएको छ । बालविवाह गरेका आमा बुवाबाट जन्मेका छोरीहरुलाई भने यो सुविधाबाट बञ्चित गरिएको छ ।

# दिसाजन्य लेदो व्यवस्थापनमा जुट्यो चन्दननाथ नगरपालिका

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ४ फागुन

जुम्लाको चन्दननाथ नगरपालिकाको खलंगा बजारमा धेरै वर्षअघि बनाइएका घरका शौचालयहरुको सेफ्टी ट्याङ्की भरिन थालेका छन् । यसरी भरिएको सेफ्टी ट्याङ्कीको फोहर व्यवस्थापनमा यतिबेला चन्दननाथ नगरपालिका जुटेको हो । उसो त जुम्लालाई खुला दिसामुक्त जिल्ला घोषणा गरेको लामो समय भइसकेको छ । त्यस्तै चन्दननाथ नगरपालिकाका मेयर राजु सिहं कठायतले भने, 'जुम्लाको प्रमुख बजार यहि नगरपालिका हो । यहाँ दिसाजन्य लेदो व्यवस्थापन प्रमुख चुनौतीको रुपमा देखा पर्न थालेको छ ।' उनका अनुसार अहिले नगरपालिका र एसएनभी नेपालले दिसाजन्य लेदो व्यवस्थापन गरेको हो ।

त्यस्तै दिसाजन्य लेदो व्यवस्थापन गर्न नगरपालिका लागि परेको नगर उपमेयर राम देवी खड्काले बताइन् । उनका अनुसार नगरपालिकाको ९ लाख र एसएनभी नेपालको तीन लाख गरी १२ लाख लागतमा दिसाजन्य लेदो व्यवस्थापन अस्थायी खाल्डे व्यवस्थापन (ट्रेन्चिङ) बनाएको छ ।उनले भनिन्,'एक नम्वर वडाको विशेष पहलमा दिसाजन्य लेदो व्यवस्थापन गरिएको छ । अहिले दिसाजन्य लेदो संकलन गरी फाल्ने काम भइरहेको छ । नगरपालिकाले पनि अहिले दिसाजन्य लेदोलाई व्यवस्थापन गर्नका लागि दश वर्ष यो जग्गा मागेको हो । यसको लागि नगरपालिकाले आफ्नो लगानीमा जग्गा घेराबार समेत गरिदिएको छ । त्यहाँ दश वर्ष सम्मको लागि दिसाजन्य लेदो फाल्न पाउनेछन् ।'

त्यस्तै नगरपालिकाका विपद व्यवस्थापन शाखाका प्रमुख लक्ष्मी चन्द्र न्यौपानले नगरपालिकाले सरसफाई सम्बन्धिको लागि परेको बताए । उनले दिसाजन्य फोहरलाई मलको रुपमा प्रयोग गर्न सकिने बताए । उनले भने,'तरल र ठोस पदार्थ छुट्याउन सकिन्छ । त्यसपछि तरललाई बगैंचा, फूलवारी, करेसावारीको बोटबिरुवामा प्रयोग गर्न सकिन्छ । ठोस पदार्थ कम्पोष्ट मलको लागि उपयुक्त हुन्छ ।' त्यस्तै एसएनभी नेपालका वास अफिसर नन्दलाल धरालाले दिसाजन्य लेदो व्यवस्थापन जनस्वास्थ्य एवम् वातावरण स्वच्छताको गुणस्तर नगरपालिकाको सर्वाङ्गिण र दिगो विकास प्राप्तिको एउटा महत्वपूर्ण सूचकको रुपमा लिइएको बताए । उनका अनुसार दिसाजन्य लेदो व्यवस्थापन कार्यक्रममा वास्तवमा राज्यको ध्यान पुग्न सकेको छैन । उनले भने, 'त्यो दिसाजन्य लेदोलाई कहाँ व्यवस्थापन गर्ने हो भन्ने हाम्रो प्रमुख चुनौतीको रुपमा देखिन थालेकोले पनि नगरपालिको समन्वयमा एसएनभी नेपाल सानो सहयोगी बनेको छ ।' एक वडाको दाङघाँगुमा रहेको नगरपालिकाले दिसाजन्य दिसाजन्य लेदोलाई व्यवस्थापन गर्नका लागि अस्थायी खाल्डे व्यवस्थापन(ट्रेन्चिङ) नगरपालिकाले अनुगमन समेत गरेको छ । अनुगमनका क्रममा त्यो ठाउँमा पानी व्यवस्थापन गर्न आवश्यक रहेको छ ।

**त्रिपुरासुन्दरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्यान्टार, धादिङ**
**बागमती प्रदेश,नेपाल**

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो , पोसिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔ,
- कोठामा हिटर तथा आगो बालेर ताप्दा हावा ओहोरदोहोर हुने सुनिश्चत गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ बाक नगरौ
- चिसोमा बाहिरा हिंड्दा बक्लो कपडा लगाऔ
- दैनिक घाम ताप्ने गरौं ।

**निषेधाज्ञाको...**
निषेधले छुँदैन भन्दै निरन्तर विरोध हुँदै आएको छ । यही विरोध वा माइतीघर निषेधित भनिएकोमा भएको असन्तुष्टिले उग्र रुप लिँदा माइतीघर मण्डलमा टाँगिएको 'निषेधित क्षेत्र'को ब्यानर जलेको हो ।

तर सरकारले निषेधाज्ञाको प्रतिरोध सुनिरहेको छैन । शुक्रबार मात्रै काठमाडौंका भिभिआइपी क्षेत्रमा जिल्ला प्रशासन कार्यालयले निषेधित क्षेत्रको समयावधि थप दुई महिना लम्ब्याएको छ ।

काठमाडौं जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद शर्माका अनुसार यसअघि शुक्रबारसम्म कायम भएको निषेधाज्ञालाई थप दुई महिनाका लागि निरन्तरता दिइएको हो ।

उनी भन्छन्, 'माइतीघर मण्डलदेखि बानेश्वर चोकसम्म, शीतल निवास, उपराष्ट्रपतिको हरित गृह, प्रधानमन्त्री निवास, संसद भवन नयाँ बानेश्वर र सिंहदरबार आसपासका क्षेत्रमा निषेधाज्ञालाई थप दुई महिना निरन्तरता दिने तय भए अनुसार सूचना जारी भएको छ ।'

**गगन...**
चुनाव अघि गठबन्धन नगर्ने प्रतिबद्धता गर्नुपर्ने उनको प्रस्ताव प्रतिवेदनमा छ ।

थापाले लेखेका छन्, 'भविष्यमा हुने आवधिक निर्वाचनहरूमा निर्वाचन पूर्व गठबन्धन (प्रि-इलेक्सन एलायन्स) गरेर अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिह्नमा मत हाल्ने अवस्था सिर्जना गर्ने छैन ।'

निर्वाचनअघि गठबन्धन नगर्ने निर्णय तत्काल लिन नहुने अर्का महामन्त्री शर्माको मत छ । शर्माले लेखेका छन्, 'निर्वाचन आउनुभन्दा ४ वर्षअघि नै निर्वाचनबारे छलफल गर्नु आवश्यक विषय होइन ।' पार्टीभित्रका दुई थरी मतलाई सम्मान गर्दै उचित बेलामा निर्वाचन अघिको गठबन्धनमा निर्णयमा पुगिने शर्माले प्रतिवेदनमा लेखेका छन् ।

**हिन्दु...**
कोइराला, मुक्ताकुमारी यादव र डा डिला संग्रौलाले पनि हिन्दु धर्मको पक्षमा हस्ताक्षर गरेका छन् ।

यस्तै कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ र गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले पनि धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दुधर्मको पक्षमा हस्ताक्षर गरेका छन् ।

कांग्रेस जस्तो व्यापक जन आधार मूलक प्रजातान्त्रिक पाटीले धार्मिक खन्भूता नेपाली भूमिमा पादुर्भाव भएको बौद्ध एवम् किरात धर्म, दर्शन, संस्कृति सहित ९४ प्रतिशत भन्दा बढी वैदिक सनातन हिन्दुधर्म र संस्कृतिमा आस्था र विश्वास राख्ने जनताको भावनालाई पुरै उपेक्षा गरी राष्ट्रिय एकताका आधारहरू, आपसी सद्भाव, सहिष्णुता, सहअस्तित्वको अभ्यासमा खलल पुग्ने गरी नेपाली कांग्रेस धर्म निरपेक्षताको पक्षमा उभिएको उनीहरुको प्रस्तावमा उल्लेख छ ।

वैदिक सनातन हिन्दुराष्ट्र राष्ट्र नेपाल कायम गर्न त्रिवेणी धाममा भएको महासमिति बैठक र काठमाडौंमा सम्पन्न महासमितिको बैठकमा बहुमत महासमिति सदस्यहरूले सनातन हिन्दुराष्ट्रको माग गर्दै प्रस्ताव पेस गरेको विषय पनि उनीहरुले स्मरण गराएका छन् । प्रस्तावमा भनिएको छ । '७ फागुनदेखि प्रारम्भ हुने महासमिति बैठकका सन्दर्भमा जारी नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत राजनीतिक दस्तावेजहरूमा वैदिक सनातन धर्म जस्तो बहुमत महासमिति सदस्यको भावना र आम नेपाली जनताको व्यापक चासो र चिन्ताको विषयलाई छलफलमा नल्याइएप्रति चिन्तित हुँदै हामी नेपाली कांग्रेसका तपशीलका केन्द्रीय कार्यसमितिका सदस्यहरूले महासमितिको बैठकबाट छलफल गरेर सनातन हिन्दुराष्ट्रको पक्षमा नेपाली काँग्रेस दृढतापूर्वक उभिन यो कार्यसमिति बैठकमा पूरक प्रस्तावको रूपमा वैदिक सनातन हिन्दुधर्मको पक्षमा यो प्रस्ताव पेस गरेका छौं ।'

**८ वर्षपछि...**
गरिने छ । उनीहरुलाई समायोजन गर्दा कार्यरत पदको ज्येष्ठता, कम्तीमा एक वर्षदेखि कार्यरत रहेको प्रदेश, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लेखित ठेगाना, उमेरको ज्येष्ठतालाई आधार मानिने छ । सम्भव भएसम्म पति र पत्नीलाई एकै प्रदेशमा समायोजना गरिने ऐनमा व्यवस्था छ ।

प्रदेश प्रमुखमा भने प्रहरी नायव महानिरीक्षक (डिआइजी) हुने व्यवस्था छ । समायोजन गर्दा प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षक पदमा भने गृहमन्त्रालयले समान पदको प्रहरी अधिकृत खटाउने छ । यसअघि प्रहरीले भने प्रदेश र मातहतका जिल्ला प्रहरी कार्यालय, इलाका तथा चौकीमा संघीय संरचनाअनुसार कै अभ्यास गरिरहेको थियो । प्रहरी प्रधान कार्यालयको समन्वयकारी भूमिकाका निम्ति सातै प्रदेशमा संघीय प्रहरी एकाइ कार्यालय रहनेछन् । नेपाल प्रहरीमा हाल ६९ हजार ५२३ दरबन्दी छ ।

**मन्त्रीको...**
दिनमा प्रतिवेदन बुझाएको हो ।
आयोगका अध्यक्ष पौडेलका अनुसार घटनास्थलको निरीक्षण गरेको, प्रत्यक्षदर्शी, सञ्चारकर्मी, पीडितका परिवार, घटनाका घाइते, विशेषज्ञ डाक्टर तथा घटनासँग सम्बन्धित अन्य मानिस सहित १६ जनाको बयान कागज गरेको र घटनासँग सम्बन्धित सुरक्षा निकायका पदाधिकारी एवम अन्य समेत गरी २९ जनाको बयान गरेर प्रतिवेदन तयार पारिएको हो । प्रतिवेदन बुझ्दै उपप्रधानमन्त्री श्रेष्ठले आयोगले सत्यतथ्य जाँचबुझ गरी मिहिनेतपूर्वक निकालेको निष्कर्षलाई कार्यान्वयन गरिने बताएका छन् ।

**राजदेवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजदेवी, रौतहट**
**मधेश प्रदेश, नेपालः**

**भुल सुधार गरिएको सम्बन्धमा**

**प्रकाशित मिति–२०८०/११/०५**

मिति २०८०/११/०४ मा यस दैनिकमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ठे. नं. 01/RM/NCB/080–081 राजदेवी न.पा. को प्रशासकिय भवन निर्माण कार्य को कबोल अंक (PS र भ्याट सहित) ११,९८,०८,०९२/२० हुनपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**साउदीमा रोजगारको अवसर** | कम्पनी: Branch of the Chinese Saudi Railway Construction Company Limited
शहर: RIYADH

पूर्व स्विकृति मितिः २०८०/१०/०८ चलानी नं. : ६०२१५०३९ LT. No. : 298498 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction mold carpenter | 30 | 0 | | 1200 | ४२,४२० | | | | | | | |
| 3. | Construction Worker | 56 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

अन्तर्वार्ता इसा ट्रेनिङ्ग सेन्टर, जनकपुरमा मिति २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावरको कार्यालय, ललितपुरमा मिति २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी ट्रेनिङ्ग सेन्टर इटहरीमा मिति २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मिडिल इष्ट म्यानपावर प्रा. लि.**
कुपण्डोल, ललितपुर, फोन नं. ०१–५४२९९६०,०१–५४३०२६३ फ्याक्सः ०१-५५३२०८४, श्रम ई. पत्र नं. ६१/०५१/०५२
सम्पर्कः ९८१८६०७३२५ । Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np

**काठ बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित २०८०/११/५ गते**
जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा १ मा रहेको यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०७९/२०८० मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल, अस्ना, खयर जातको काठ गोलिया ७२३ थानको ४५४६.१४ क्यु .फिट काठ, सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा .व.उ. स को कार्यालय तथा सम्बन्धी अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**श्री चन्द्रसुर्य सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल गाउँपालिका वडा १, कोसेरी, कैलाली**

**मलेसियामा रोजगार** | कम्पनी: MAJU JAYA SECURITY SDN BHD
शहरः Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०६/२१ चलानी नं.: ६०२०८८३० L.T. No.: 293710 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 1 | 0 | स. काममा दक्ष | 1500 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १२ गते (24 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Santi Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1495/074/075
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

**श्री रानीबास सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई गाउँपालिका ३ उदयपुरको समुह बाहिर**

**काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०८०/०८१ मा संकलन गरी घाट गद्दि गरेका लट नम्बर १ को खयर थान ५९० को ५४३.३५ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**साउदीमा रोजगार** | कम्पनी: SAUDI MANPOWER SOLUTIONS CO.
शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०८०/११/०३ चलानी नं.: ६०२१५००६ L.T. No.: 300088

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 95 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Load And Unload Workers | 4 | 0 | | 1000 | ३५,३५० | | | | | | | |
| 3. | Office And Facility Cleaning Worker | 1 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

२. कम्पनीः SAUDI MANPOWER SOLUTIONS CO.. शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०६० L.T. No.: 300102

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 16 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १२ गते (24 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

**श्री सगरमाथा सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई गाउँपालिका ५ उदयपुरको समुह बाहिर**

**काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०८०/०८१ मा संकलन गरी घाट गद्दि गरेका लट नम्बर १ को खयर थान ७ को १३६.७० क्युफिट लट नम्बर २ को खयर थान ५२२ को ३६१.१० क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**काठ बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित २०८०/११/५ गते**
जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा १ मा रहेको यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०७९/२०८० मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल, जातको काठ गोलिया ४३४ थानको ५५८९.४१ क्यु फिट काठ, सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघसस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धी अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**श्री प्रगतिशील सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल गाउँपालिका वडा नं १ राक्सा, कैलाली**

**श्री रसुवाखोला सामुदायीक वन उपभोक्ता समुह**
**रौतामाई गाउँपालिका ३ उदयपुरको समुह बाहिर**

**काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०८०/०८१ मा संकलन गरी घाट गद्दि गरेका लट नम्बर १ को खयर थान ५१३ को ५५३.१६ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**SAUDI र UAE मा रोजगार** | कम्पनी : APPAREL TRADING COMPANY LTD
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०५७ LT. No.: 300137

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Tool Cleaning Worker | 24 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BUNA AL JAZIRA CONTRACTING COMPANY शहर : Al Khobar
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०५५ LT. No.: 300141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAHARI TANK TRANSPORT EST शहर : Saudi Arabia,Riyad
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०५४ LT. No.: 300135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CARRARA MID-EAST INDUSTRIAL CO. LLC शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५०५६ LT. No.: 300136

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 40 | 0 | स. काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन १३ गते (25 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**UAE र SAUDI मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL MADINA AGENCIES & SERVICES शहर :UAE
पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२८५९ L.T. No.: 266942 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Civil Helper | 70 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 3. | Shuttering Carpenter | 10 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 4. | Steel Fixer | 10 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १४, १५ र १६ गते (26, 27 & 28 February 2024) मा हुनेछ ।

कम्पनी : Gardinia Building Contracting L.L.C शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/२५ चलानी नं.: ६०२११३२५ L.T. No.:295967 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Duct Man | 50 | 10 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 100 | 0 | | 1100 | ३९,७१० | | | | | | | |
| 3. | Plumber | 100 | 0 | | 1100 | ३९,७१० | | | | | | | |

अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता क्यापिटल ट्रेनिङ सेन्टर, इटहरीमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १६ गते (28 February 2024) मा हुनेछ ।

कम्पनी : SUPPORT PIONEERS COMPANY शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०९/१८ चलानी नं.: ६०२१२५२९ L.T. No.:297556 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Helper | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हिमशिखर ट्रेनिङ सेन्टर, उर्लाबारीमा २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १५, १६ र १७ गते (27, 28 & 29 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Kathmandu, Nepal.
Phone: 496 1111, 436 6318.
Email : cv@motherlandgroupnepal.com ,info@motherlandoverseas.com
Website:www.motherlandoverseas.com

# संसदीय टोलीद्वारा श्रीराम सुगर मिल्सको स्थलगत अनुगमन



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ फागुन

रौतहटको गरुडामा रहेको श्रीराम सुगर मिल्स सञ्चालनका विषयमा संघीय संसदीय टोलीले छलफल गरेको छ। गोल्छा समूहको स्वामित्वमा रहेको मिल करोडौं रुपैयाँको घाटा र बाध्यात्मक परिस्थिति रहेको जनाउँदै व्यवस्थापन पक्षले २०७७ साउन १० बाट बन्द गरेको थियो।

बन्द भएको चिनी मिलको स्थलगत अवलोकनमा पुगेको संघीय संसदीय टोलीले मिल उपकरणको अवस्था, बन्द गर्नुको कारण तथा समस्यालगायतका विषयमा जानकारी लिएको छ। मिल व्यवस्थापन पक्षले हरेक वर्ष करोडौं घाटा व्यहोर्दै आएको र उद्योगमा कार्यरत श्रमिक, कर्मचारीलाई तलब-भत्ता दिनसमेत आर्थिक अभाव भएपछि बन्द गर्नु परेको उल्लेख गरेको छ।

चिनी मिलका नाममा रहेको ऋण तिर्न नसकिएकाले लिलाम प्रक्रियाबाट मिलका उपकरण बिक्री गरिसकिएको छ। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति अन्तर्गतको चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान र सुझाव उपसमितिले शुक्रबार मिलको स्थलगत अवलोकन गर्दै यसलाई पुन: सञ्चालन गर्न सकिने सम्भावनाको अध्ययन गरेको टोलीमा सहभागी नेता रेवन्त झाले बताए। स्थलगत अनुगमनपछि आफूहरूले कारखाना चलाउन सकिने सम्भावना देखेको उनले बताए। मिलको लिलाम खारेजी गरी सञ्चालनमा ल्याउन सकिएमा यहाँका उखु किसानलाई सहज हुने र सर्वसाधरणले रोजगारी समेत पाउने उनले बताए।

उपसमितिका संयोजक तथा बारा-४ का संघीय सांसद कृष्णकुमार श्रेष्ठले श्रीराम सुगर मिल्सको यस क्षेत्रमा आवश्यक्ता रहेको औंल्याए। मधेश प्रदेश उखु खेतीका लागि उपयुक्त भएकाले बन्द भएका चिनी मिल सञ्चालन हुनुपर्ने पक्षमा आफू रहेको उनले बताए। श्रीराम सुगर मिल्स कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा छलफल गरेर अघि बढ्ने उनले जानकारी दिए।

२०४९ सालमा शिलान्यास भइ २०५१ बाट सञ्चालनमा आएको मिलले बारा, पर्सा, रौतहटका किसानको उखु क्रसिङ गर्ने गरेको थियो। जिल्लामा १२ हजार उखु किसान रहेको उखु उत्पादक संघ रौतहटले जनाएको छ। हाल नेपालमा वार्षिक ३ लाख मेट्रिकटन चिनी खपत हुने गर्दछ। जसमा ६० प्रतिशत देशभरका चिनी कारखानाहरूबाट उत्पादन हुन्छ भने बाँकी ४० प्रतिशत चिनी भारतबाट आयात हुने गर्दछ।

अनुगमनमा संघीय संसदीय टोलीसहित एकीकृत समाजवादीका नेता रेवन्त झा, गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनि जयसवाल, मिलका प्रतिनिधि, उखु कृषकका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।

# तिलागुफा नगरपालिकाको केन्द्र विवादमै बित्यो ६ वर्ष



**नीस्ता कार्की/मध्यान्ह**
कालीकोट, ४ फागुन

तिलागुफा नगरपालिकाको ६ वर्ष केन्द्रको विवादमै बितेको छ। केन्द्र विवादको टुंगो नलागेपछि पालिकाको केन्द्रमा निर्माण हुने भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समस्या भएको हो। राजनीतिक दलहरुका स्वार्थ बाझिएका कारण केन्द्र नबन्नुले नागरिकले सास्ती भोग्नु परेको तिलागुफा नगरपालिका वडा नं. ६ निवासी नरेश शाहीले बताए।

उनले भने, 'तिलागुफा नगरपालिका बनेको ६ वर्ष भयो। केन्द्र तोक्ने कार्यमा पहिलो वर्ष देखि नै दलहरुबीच भएको विवाद अहिलेसम्म कायमै हुँदा केन्द्रको विवाद समाधान नभएको हो। अहिले एनजीओले बनाइदिएको तिलागुफा नगरपालिका वडा नं. ६ को वडा कार्यालयको भवनबाट नगरपालिकाले सेवा प्रवाह गरिरहेको छ। नगरपालिकाको केन्द्र टुंगो लगाएको भए भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा सहज हुने थियो।'

२०७६ साल मंसिर १५ गते अघिल्लो स्थानीय सरकारका पाला बसेको सातौं नगरसभाले तिलागुफा नगरपालिकाको केन्द्र वडा नं. ९ चिल्खाया तोकेको थियो। तर सोही निर्णयकाविरुद्ध उच्च अदालत सुर्खेतको जुम्ला इजलासमा मुद्दा गरेपछि सरकारले अस्थायी केन्द्र तिलागुफा नगरपालिका वडा नं. ६ गाल्जे तोकेको स्थानीय गणेश बहादुर शाहीले बताए। उनका अनुसार नगरपालिकाको केन्द्रका लागि सबैको पाइक पर्ने स्थान पनि गाल्जे हो। तर राजनीतिक दलको स्वार्थका कारण उक्त ठाउँमा केन्द्र नतोकेर नगरपालिकाको किनारा पर्ने चिल्खायामा तोकेपछि स्थानीयले नै जुम्ला पुगेर मुद्दा दर्ता गरेका हुन्।

तत्कालिन सातौं नगरसभामा निर्णय हुँदा नगरसभामा उपस्थित ५४ सदस्यमा ४७ जनाले मात्र मतदान गरेको, त्यसमा पनि ३७ जनाले पक्षमा र १० जनाले विपक्षमा मतदान गरेका थिए। गाल्जेमा प्रयाप्त जग्गा दिंदा, भौतिक पूर्वाधार, भौगोलिक र प्रशासनिक सुगमता, यातायात सञ्चार सुविधाका आधारमा तिलागुफाको केन्द्र गाल्जेमा हुनुपर्ने वडा नं. ६ का बासिन्दाको माग छ। तर वडा नं. ९ का स्थानीयले पहिलो नगरसभाले चिल्खायामा तोकि सकेकोले चिल्खायामै नगरको केन्द्र बन्नुपर्ने माग गरेका छन्। जसका कारण अहिले पनि विवाद समाधान हुन सकिरहेको अवस्था छैन्। तिलागुफाको नगरसभाले गरेको निर्णयमा दुई तिहाइ पुगेको थिएन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) मा गाउँपालिका वा नगरपालिकाको नाम र केन्द्र हेरफेर गर्नु परेमा सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गरेको प्रस्ताव कार्यपालिकाले प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनु पर्ने कानूनी व्यवस्था छ। उच्च अदालत सुर्खेत जुम्ला इजलासले कानूनी पुरा नगरी पालिकाको केन्द्र तोकेको भन्दै उक्त निर्णय खारेज गरी दियो। तर उक्त विवाद भने कायमै रह्यो। फेरि तिलागुफा नगरपालिका वडा न.९ चिल्खायाका स्थानीयले उच्चको फैसलामा चित्त नबुझेको भन्दै सर्वोच्चमा रिट दर्ता गराए। अहिले सर्वोच्चमा तिलागुफा नगरपालिका वडा नं. ६ र ९ का स्थानीय नागरिक तारिख बोकिरहेका छन्। नगरपालिकाको केन्द्र भने अन्यौलमै छ।

नगरपालिकाको केन्द्रको विषयमा अदालतमा मुद्दा चलिरहेकाले अदालतले नटुङ्ग्याएसम्म कुनै प्रक्रिया अगाडि नबढ्ने तिलागुफा नगरपालिका प्रमुख शंकरप्रसाद उपाध्यायले बताए। उनका अनुसार पहिलो सरकारको नगरसभाले गरेको निर्णय उच्च अदालत जुम्लाले खारेज गरिदियो। अहिले फेरि सर्वोच्चमा मुद्दा चलिरहेको छ। अब सर्वोच्चले नगरपालिकाको केन्द्र तोक्यो भने तोकेकै ठाउँमा केन्द्र हुनेछ।

# परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु पुरस्कृत

**इसत्याक अहमद/मध्यान्ह**
जनकपुरधाम, ४ फागुन

जनकपुरधाम-१४ मा रहेको इकरा इस्लामिक इंग्लिस स्कुलमा २०८० सालको तेस्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन भएको अवसरमा विविध कार्यक्रम गरिएको छ। सो अवसरमा कक्षा नर्सरीदेखि कक्षा ३ सम्मका पहिलो देखि तेस्रो स्थान ल्याउने विद्यार्थीहरुलाई डिस्नेरी, कपी तथा कलम दिएर पुरस्कृत गरिएको छ।



स्कुलका संस्थापक मो.कलिम राइनको अध्यक्षतामा पुरस्कार वितरण कार्यक्रम भएको थियो। सो कार्यक्रमको प्रमुख अतिथिमा जनता समाजवादी पार्टी (जसपा)का संघीय सांसद दीपक कार्की रहेका थिए। यस्तै कार्यक्रमका विशेष अतिथि जसपाका धनुषा जिल्ला अध्यक्ष पशुपति यादव, जसपा धनुषा जिल्ला संगठन विभाग प्रमुख शत्रुधन यादव, जसपा धनुषा जिल्ला सदस्य धर्मेन्द्र यादव, सबैला नगरपालिका जसपा नगर अध्यक्ष बैजनाथ राय, स्कुलकी शिक्षिका शबनम खातून, माजिद हाफिजीलगायत थिए। कार्यक्रममा सबै अतिथिलाई गम्छा ओढाएर सम्मान गरिएको थियो भने मायाको चिनो पनि प्रदान गरिएको थियो।


## Invitation for bid and Sealed Quotations

**Subhakalika Rural Municipality**
**Office of the Rural Municipal Executive**
Sukatiya, Kalikot
Karnali Province Nepal

**First date of publication: 2080/11/05**

1. Subhakalika Rural Municipality Office, Sukatiya Kalikot invites electronic sealed bids from registered Suppliers for the supply, delivery and installation of construction Materials as per following.

| S. N | Contract Identification Number/Goods Description | Bid Security Amount (NRs) | Estimated Amount with VAT (NRs) | Bid Document Fees (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | SRM/KKT/GOODS/SQ/06/2080-2081 Procurement and Delivery of Construction Materials(Dahachaur Dekhi Bhadagaun Samma Sadak Staronnati ward 6-LISP) | 30000 | 1170002.11 | 1000 | 2080/11/20 12:00 AM | 2080/11/20, 13:00 PM |
